रंगशाला

हालान्ड सात साता मैदान बाहिर

म्यानचेस्टर सिटीका स्ट्राइकर अर्लिङ हालान्ड सात–साताससम्म मैदान बाहिर रहने भएका छन्। उनी खुट्टाको चोटका कारण लामो समय मैदान बाहिर रहने सिटीका प्रशिक्षक पेप ग्वार्डिओलाले जानकारी दिए।

धनगढीको उत्कृष्ट सुरुवात

अन्नपूर्ण | काठमाडौं

धनगढी एफसीले नेपाल सुपर लिग (एनएसएल) मा उत्कृष्ट सुरुवात गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा मंगलबार भएको खेलमा बुटवल लुम्बिनी एफसीलाई ४-१ गोलले पराजित गर्दै धनगढीले उत्कृष्ट सुरुवात गरेको हो।

धनगढीलाई प्रभावशाली जित दिलाउन अहमद हिजाजीले दुई गोल गरेका थिए। यस्तै कृतिशरत्न छुन्जु र सर्जियो बारबोजा जुनियरले एक/एक गोल थपेका थिए। बुटवलका केन्टा होराले एक गोल फर्काएका थिए। पहिलो हाफ १-१ गोलको बराबरीमा सकिएको खेलको दोस्रो हाफमा धनगढीले तीन गोल थपेको थियो।

खेलको छैटौं मिनेटमै हिजाजीले गोल गर्दै धनगढीलाई सुरुवाती अग्रता दिलाएका थिए। मोहमद अल जाओनीले उपलब्ध गराएको लामो पासलाई नियन्त्रणमा लिँदै लेबनानी खेलाडी हिजाजीले उत्कृष्ट गोल गरेका थिए। खेलको ३१औं मिनेटमा बुटवल खेलमा फर्किएको थियो। केन्टा होराले पोस्ट् नजिकैबाट धनगढीका गोलरक्षक बाइड बिरोलाई छक्याउँदै उत्कृष्ट गोल गरेका थिए।

पहिलो हाफ १-१ गोलको बराबरीमा सकिएको खेलको दोस्रो हाफमा धनगढीले गोल वर्षा गरेको थियो। दोस्रो हाफमा तीन गोल गरेको धनगढीले इन्जुरी समयमा मात्रै दुई गोल गरेको थियो। मार्की खेलाडी कृतिशरत्न छुन्जुले ७५औं मिनेटमा एकल प्रयासमा गोल गरे भने हिजाजी र सर्जियो बार्बोजाले इन्जुरी समयमा गोल गर्दै धनगढीलाई उत्कृष्ट सुरुवात दिलाएका थिए। धनगढीले पहिलो खेलमै महत्वपूर्ण तीन अंक जोड्न सफल भएको छ। प्रतियोगिताअन्तर्गत बुधबार ललितपुर एफसी र पोखरा थन्डर्सबीच खेल हुनेछ।

नेपालमै पहिलो पटक कुकिवन तेक्वान्दो

अन्नपूर्ण | काठमाडौं

नेपाल तेक्वान्दो संघ र विश्व तेक्वान्दो मुख्यालय कुकिवनको संयुक्त आयोजनामा वैशाख ४ गतेदेखि कुकिवन च्याम्पियनसिप हुने भएको छ। नेपालमा पहिलो पटक हुन लागेको प्रतियोगितामा ब्रेकिङतर्फ साइड किक, फिस्ट ब्रेकिङ, नाइफ ब्रेकिङ, हाइजम्प ब्रेकिङ र अलराउन्ड ब्रेकिङ गरी पाँच विधा समावेश गरिएको छ। ब्रेकिङमा युनियरतर्फ यु-१२, यु-१३-१५ र यु-१६-१८ तथा सिनियरतर्फ १९-२९ र ३०-५९ गरी पाँच उमेर समूहमा २८ स्वर्णका लागि प्रतिस्पर्धा हुने नेपाल तेक्वान्दो संघले मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दियो।

यसैगरी पुम्सेतर्फ पाँच उमेर समूहमा एकल, पेयर र ग्रुप पुम्से गरी तीन विधामा ३० स्वर्णका लागि प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक तथा राष्ट्रिय खेलकुद परिषद्का कार्यकारी बोर्ड सदस्य भानबहादुर चन्दले जानकारी दिए।

यसैगरी एरोबिकमा महिला र पुरुष गरी पाँचदेखि सात जनाको टिममा सिनियर र जुनियर तथा टिम ग्योगोरीमा महिला तथा पुरुष यु-१२, १८ र २९ गरी तीन समूहमा ६ स्वर्णका लागि प्रतिस्पर्धा गराइने चन्दले जानकारी दिए।

प्रतियोगिता सञ्चालन गर्न २१ लाख १५ हजार रुपैयाँ बजेट लाग्नेछ भने सबै पदक विश्व तेक्वान्दो मुख्यालय कुकिवनले उपलब्ध गराउने भएको छ। प्रतियोगिता सञ्चालनका लागि संघका उपाध्यक्ष चन्दको संयोजकत्वमा ११ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ। प्रतियोगिता सञ्चालनका लागि ३० जना रेफ्री, दुई प्राविधिक र ३० जना स्वयंमसेवक परिचालन गरिने संयोजक चन्दले जानकारी दिए।

बिर्तामोड अन्तिम चारमा

धनकुटा (अन्नपूर्ण) : काठमाडौंको चित्लाङ एफसीमाथि सहज जित निकाल्दै साविक विजेता झापाको बिर्तामोड युनाइटेड क्लब धनकुटामा जारी १७औं संस्करणको सहिद भीमनारायण गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ। तल्लो टुँडिखेलमा मंगलबार भएको खेलमा चित्लाङ एफसीलाई ३-१ गोलले पराजित गर्दै बिर्तामोड युनाइटेड क्लब सेमिफाइनलमा प्रवेश गरेको हो। बिर्तामोड युनाइटेडको जितमा पहिलो हाफको ४५औं मिनेटमा अभिषेक गुरुङ, ५८औं मिनेटमा विशाल भण्डारी र ६३औं मिनेटमा गिल्सन कन्दङ्वाले एक/एक गोल गरेका थिए। बिर्तामोड युनाइटेडका सुवास पयाङ्गु लिम्बूले आत्मघाती गोल गरेका थिए। मंगलबारको खेलको प्लेयर अफ द म्याच बिर्तामोड युनाइटेडका कप्तान गिल्सन कन्दङ्वा घोषित भए। उनले ५ हजार पाँच रुपैयाँ नगद पुरस्कार प्राप्त गरे। उनलाई समाजसेवी द्रोर्ण गुरागाईले पुरस्कार वितरण गरेका थिए।

गुणराज अब प्रशिक्षक

काठमाडौं (अन्नपूर्ण) : नेपाली मुवाथाई खेलाडी गुणराज रुचालले अस्ट्रेलियाको पर्थस्थित लिजेन्ड्स एकेडेमीमा प्रशिक्षणको अवसर पाएका छन्। त्यसका लागि उनी मंगलबार अस्ट्रेलिया प्रस्थान गरेका छन्। 'खेलाडीका रुपमा मैले थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेँ। पदक पनि जितेँ। अब प्रशिक्षकका रुपमा नयाँ अध्याय सुरु गर्दै छु। त्यो पनि विदेशी भूमिमा। मलाई यो अवसर प्रदान गर्नु भएकोमा एकेडेमीका प्रबन्ध निर्देशक डेनियल डसनलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु', अस्ट्रेलिया उड्नुअघि गुणराजले भने, 'उहाँ (डेनियल) चार पटकका मुवाथाई च्याम्पियन, तीन पटकका किक बक्सिङ च्याम्पियन र एक पटकका बक्सिङ च्याम्पियन हुनुहुन्छ। उहाँजस्तो मार्सल आर्ट्स क्षेत्रका दिग्गज व्यक्तित्वसँग काम गर्ने अवसर पाएकोमा भाग्यमानी ठानेको छु।'

गत भदौमा पनि गुणराज केही समय लिजेन्ड्स एकेडेमीसँग जोडिएका थिए। त्यसबेला उनले लिजेन्ड्समै विशेष प्रशिक्षण लिएका थिए। करिब एक दशकको मुवाथाई यात्रामा ३२ वर्षीय गुणराजको मुख्य उपलब्धी भनेको एक वर्षअघि थाइल्यान्डमा भएको १९औं विश्व मुवाथाई च्याम्पियनसिपमा जितेको स्वर्ण हो। उनले सेमी-प्रोको पुरुष ५४ केजीमा स्वर्ण पदक जितेका थिए। त्यो स्वर्ण नेपाली मुवाथाईको इतिहासमा कुनैपनि खेलाडीले जितेको एक मात्र स्वर्ण हो। १९औं संस्करणअघि गुणराजले १७औं र १८औं संस्करणको विश्व च्याम्पियनसिपमा कांस्य पदक जितेका थिए। उनी १३औं र १५औं संस्करणको विश्व च्याम्पियनसिपमा पनि सहभागी भएका थिए।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना २० गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय कमलादीबाट तपसिलमा उल्लेखित ऋणीले व्यावसायिक [illegible] कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्न बुझाउने सम्बन्धमा बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपसिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य सिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लिखिएको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण

नाम : **हिमाल पावर इन्टरनेशनल** प्रोप्राइटरको नाम : सुलभ ढकाल प्रा.फ.र.नं. : ११२०१७-०७७/७४
दर्ता गर्ने कार्यालय : वाणिज्य विभाग, काठमाडौं दर्ता मिति : २०७७/०९/०६
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ स्थायी लेखा नं. : ६०५५४८९६९

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) होम नाथ ढकालको नाति लव कुमार ढकालको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने **सुलभ ढकाल** (ना.प्र.नं. : २७१०६०/७७८०८ जारी मिति र जिल्ला : २०६८/०१/२९, काठमाडौं)

२) हेम नाथ ढकालको नाति होम नाथ ढकालको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने **लव कुमार ढकाल** (ना.प्र.नं. : २७-०१-७२-१२७१५ जारी मिति र जिल्ला : २०७७/०९/१२, काठमाडौं)

३) श्रीधर शर्माको छोरी होम नाथ ढकालको बुहारी लव कुमार ढकालको पत्नी काठमाडौं जिल्ला काठमाडौं वडा नं. १० हाल, काठमाडौं म.न.पा.वडा नं. ७ बस्ने **सोनिया गौतम** (ना.प्र.नं. : ६३३७ जारी मिति र जिल्ला : २०४५/०९/११, काठमाडौं)

४) विजेन्द्र थापाको छोरी लव कुमार ढकालको बुहारी सुलभ ढकालको पत्नी काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने **तेजस्वी थापा** (ना.प्र.नं. : ०५-०१-६९-००६९२ जारी मिति र जिल्ला : २०६९/०१/०५, काठमाडौं)

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :

१) मिति २०८०/१०/२२ को मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
२) मिति २०८०/११/२० को अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
३) मिति २०८१/१०/२९ को आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो मा रहेको सम्पूर्ण निर्माणसमेत।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (व.मि.)
लव कुमार ढकाल	काठमाडौं जिल्ला, का. म. न. पा. वडा नं. ७	१०२१०६७००	२०४	१४६.९८

शर्त बन्देजहरु :

१) सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०१/०९ गते मंगलबार भित्र यस बैंकको शाखा कार्यालय कमलादी काईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि छुट्टा छुट्टै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०१/१० गते बुधबार दिउँसो ३:०० बजे यस बैंकको शाखा कार्यालय कमलादीमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रवालाको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क इत्यादि बोलपत्रवालाले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ